**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 25.10.2024**

---

***Nomination Bye Election***

राज्यका दुइवटा नाम्ची सिंगिथाङ र सोरेङ च्याखुङको उपचुनाउका लागि उम्मेदवारहरूको नामाङ्कन पत्र भर्ने आज अन्तिम दिन थियो।

नाम्ची सिंगिथाङ क्षेत्रका निम्ति आज सिटिजन एक्शन पार्टीका श्री महेश राईले जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा मनोनयन पत्र बुझाउनुभयो।

यस समस्टिमा जम्मा चारजना प्रत्याशीहरूको नामाङ्कन दर्ता गरेका छन्। उनीहरूमा सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीवाट श्री सतीश चन्द्र राई, सिटिजन एक्शन पार्टीका श्री महेश राई अनि सिक्किम प्रजातान्त्रिक मोर्चावाट श्री डानियल राई र बैकल्पिक उम्मेदवार सुश्री योजना राई सामेल छन्।

उता सोरेङ च्याखुङ निर्वाचन क्षत्रको उपचुनाउका निम्ति आज सिटिजन एक्शन् पार्टी CAP का प्रत्याशीको रूपमा श्रई पोविन हाङ सुब्बाले नामाङ्कन बुझाउनुभयो।

निर्वाची अधिकारी, सहायक निर्वाची अधिकारी र चुनाउ आम पर्यवेक्षकको उपस्थितीमा नामाङ्कन प्रक्रिया सम्पन्न भयो।

समस्टिका लागि जम्मा तीनजना उम्मेदवारहरू चुनाउ मैदानमा उत्रिएका छन्।

सिक्किम क्रान्तिकारी मोर्चा एस के एम का श्री आदित्य गोले, सिक्किम प्रजातान्त्रिक मोर्चाका श्री प्रेमबहादुर भण्डारी र सिटिजन एक्शन पार्टीका श्री पोविनहाङ सुब्बा।

मनोनयन पत्रहरूको जाँच आउँदो सोमवार अठाइस अक्तूवरका दिन गरिनेछ।

उम्मेदवारहरूले तीस अक्तूवरसम्म आफ्नो नाउँ फिर्ता लिन सक्नेछन्।

मतदान तेह्र नवम्वरमा हुनेछ भने मतगणना तेइस नवम्वरका दिन गरिनेछ।

---

***BJP***

प्रदेश भारतीय जनता पार्टी सिक्किमले आउँदो उप चुनाउमा भाग नलिने भएको छ।

पार्टीद्वारा हिजो जारी प्रेस विज्ञप्तीमा जनाइए अनुसार नयाँ दिल्ली स्थित BJP मुख्यालयको निर्देश अनुरूप यस्तो निर्णय लिइएको हो।

प्रदेश BJP अध्यक्ष श्री डी आर थापाले भन्नुभएको छ चुनाउका बेला पार्टीले अन्य कार्यहरूमा आफ्नो ध्यान केन्द्रित गर्नेछ।

---

***Odd Even Scheme***

राज्य सरकारले मोटर यान एन उन्नाइस सय अठासी (1988) अन्तर्गत गान्तोक नगर निगत मित्र निजी तथा सरकारी वाहनहरूको यातायातमा अड इभन नियम लागू गर्ने भएको छ।

गान्तोकमा वाहनहरूको खचाखचलाई कम्ती गर्न (आउंदो महीना पाँच तारीकदेखि) यो व्यवस्था लागू हुनेछ।

मेफेयर फाटकदेखि जिरो पोइन्ट सम्म यस्ता प्रतिवन्ध लगाइनेछ।

आदेश अनुसार ओ नियम विहान नौ बजेर तीस मिनटदेखि मध्यान्ह बाह्र बदीसम्म र अपरान्ह तीन  बजेर तीस मिनेटदेखि साझा छ बजी जम्म लागू गरिनेछ।

तथापि छ बजी जम्म लागू गरिनेछ।

तथापि अत्यावश्यक कार्यहरू पूरा गर्नका लगि माध्यान्ह बाह्रदेखि दिउँसो तीन बजेर तीस मिनटसम्मको अवधिलाई विन्डो तथा छूट अवथि घोषित गरिएको आपतकालीन सेवाका वाहनहरू र अतिरिक्त सचिवदेखि माथिल्लो स्तरका अधिकारीहरूको वाहनलाई यस नियमवाट छूट दिइएको छ। अधिकारीहरूको वाहनका लागि गृह विभागवाट छूट सम्वन्धी रातो स्टिकर लिएको हुनुपर्ने आदेशमा बताइए अनुसार दोस्रो र चौथो शनिवार आइतवार र सरकारी विदाको दिन यो व्यवस्था लागू हुने छैन।

यसैवीच सिटिजन एक्शन पार्टीले भनेको अड इभन व्यवस्थाले वाहन मालिकहरू, चालक र यात्रीहरूमा प्रतिकूल असर पर्नेछ।

---

***<u>School Timings Rescheduled</u>***

राज्यको शिक्षा विभागले वाहनहरूको चलाचलमा अड इभन व्यवस्था लागू गरिएको कुरोलाई ध्यानमा राखेर गान्तोक नगर निगम भित्रका दुवै सरकारी र निजी पाठशालाहरूको स्कूल लाग्ने समयमा परिवर्तन ल्याएको छ।

पाँच नवम्वरदेखि सरकारी पाठशालाहरू विहान आठ बजीदेखि दिउसो दुइ बजेर पन्ध्र मिनटसम्म लाग्नेछन्।

त्थापि दुई अवधि अर्थात डबल शिफ्ट मा संचालित हुने सिच्छे उच्चतर माध्यमिक पाठशाला र सि एस राई आरिथाङ माध्यमिक विद्यालयको समय पुरानै रहनेछ। निजी पाठशालाहरू आ आफ्ना समय सारिणी अनुरूप विहान आठ बजीदेखि बाह्र बजेर तीस मिनट र दुई बजेर तीस मिनटसम्म लाग्नेछन्।

---

***<u>DG MIB NEZ</u>***

भारत सरकारको सूचना तथा प्रसारण मन्त्रालय अन्तर्गत पूर्वोत्तर क्षेत्रका महानिदेशक श्री के सतीश नम्बुदिरिपाद सिक्किमको पाँच दिने लामो भ्रमणमा आज गान्तोक आउनुभएको छ।

भ्रमवावधिमा उहाँले केन्द्र तथा राज्य सरकारका मिडिया संगठन प्रमुखहरू र प्रेस क्लब अफ् सिक्किमका सदस्यहरूसित भेट गर्नका साथै सिक्किम विश्वविद्यालयको मास कम्युनिकेशन विभागका विद्यार्थीहरूलाई ब्याख्यान दिनुहुनेछ।

---

***<u>Table Tennis</u>***

छब्बीस राज्य टेबल टेनिस च्याम्पियनशीप 2024 गान्तोकको पाल्जोर स्टेडियममा आजदेखि शुरू भएको छ।

स्वास्थ्य मन्त्री श्री जी टी ढुङ्गेलले यसको शुभारम्भ गर्नुभयो।

सिक्किम टेबल टेनिस संघद्वारा आयोजित च्याम्पियनशीपमा राज्य र राज्य बाहिरका गरी लगभग दुइसयजना खेलाड़ीहरूले भाग लिनेछन्।

उद्घाटनपछि आफ्नो वक्तव्यमा मन्त्री श्री ढुङ्गेलले भन्नुभयो असल शारीरिक र मानसिक स्वास्थ्यका लागि युवा प्रतिभाहरूलाई खेलकुदमा प्रेरित गर्न आवश्यक छ।

मन्त्री र सिक्किम टेबल टेनिस संघका अध्यक्ष श्री बी बी सुब्बावीच प्रदर्शनी म्याच उद्घाटन सत्तको अर्को आकर्षण थियो।

यस अवसरमा ख्यातिप्राप्त टेबलटेनिस कोच सोनाम वाङ्चुकको निधनमा शोक प्रकट गर्दै दुई मिनट मौन धारण गरियो।

---